भोटेकोशी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं : ०११-४९०४६८, ४९९४६७
इमेल ito.bhotekoshimun@gmail.com

## करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०५/२३

प्रस्तुत विषयमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्ने तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी स्थानीयकरणक कार्यक्रम सञ्चालन गर्ने, मनोसामाजिक परामर्श सेवा, वित्तिय साक्षरता संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्यता पुगेका ईच्छुक योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| १. विज्ञापन नं. ०१-२०८२/८३ | | | सेवा :करार |
|---|---|---|---|
| क.सं. | पद | पद संख्या | योग्यता |
| १ | मनोसामाजिक परामर्शकर्ता (चौथौ तह) | १(महिला) | • नेपाली नागरिक हुनुपर्ने,<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ नर्सिंग मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उत्तीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, Excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।<br>• नेपाली र अंग्रेजी दवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।<br>**नोटः यो पदको लागि स्थानीयलाई प्राथमिकता दिइनेछ।** |
| २. विज्ञापन नं: ०२-२०८२/८३ | | | सेवा :करार |
| २ | रिटर्नी स्वयंसेवक | १ | • नेपाली नागरिक हुनुपर्ने,<br>• न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• नेपाली भाषा जानेको र स्थानीय हुनु पर्ने छ।<br>**नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्नेछ ।** |

- **कार्य अवधिः** २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।
- **आवश्यक कागजातहरु :**
  माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको तीन प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रकियामा समावेश गरिने छैन ।
- **छनौट प्रक्रियाः**
  प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति** २०८२/०६/०६ गतेका दिन कार्यालय समय भित्र बुझाउने सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।
- **दरखास्त बुझाउने स्थान :** गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खाता नं. २४१०१०१७५०००२८ नविल बैक, तातोपानी शाखा, सिन्धुपाल्चोक ।
- **परीक्षा दस्तुर :** क. मनोसामाजिक परामर्शदाता : रु ७०० ख. रिटर्नी स्यवंसेवक : रु २००
- कार्य विवरण, सेवा सर्त तथा तलव सुविधा : प्रचलित, ऐन, कानुन अनुसार
- काम गर्नु पर्ने स्थान : भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक ।
- **परीक्षाको किसिम :**
  - क. मनोसामाजिक परामर्शदाता : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
  - ख. रिटर्नी स्यवंसेवकः अन्तर्वार्ता ।
- दरखास्त फाराम बुझाउने स्थान : भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय अथवा यस कार्यालयको Email ठेगाना ito.bhotekoshimun@gmail.com मा दरखास्त फाराम, बैक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्ने छ ।
- परीक्षा सम्बन्धी जानकारी कार्यालयको वेव साइटमा पछि प्रकाशन गरिनेछ ।
- थप जानकारीको लागि : प्रशासन शाखा ९८४४८१०६२० वा सूचना प्रविधि शाखा ९८६७६८५७६२ राजश्व शाखा ९८६२८१४०८१
- आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।
- लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा पेश गरेका कागजातहरुको सक्कल सहित उपस्थित हुनु पर्ने छ ।

नोट : दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय वा वेब साइट (www.bhotekoshimun.gov.np) बाट प्राप्त गर्न सकिने छ । साथै दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत